# पनौती नगर कार्यपालिकाको निर्णय किताब

आ.व. २०८३/०८४ | बैठक संख्या: ०१ | मिति २०८३/०४/१५

## प्रस्तावहरुः-

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. पनौती नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक समीक्षाको मिति तोक्ने सम्बन्धमा ।
३. सार्वजनिक जग्गा व्यवस्थापन सम्बन्धमा ।
४. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
५. विपद् व्यवस्थापन सम्बन्धमा ।
६. सेवा करारमा कार्यरत कर्मचारी सम्बन्धमा ।
७. नगर प्रहरी र आन्तरिक सुरक्षा गार्डको सेवा सम्बन्धमा ।
८. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।
९. बसपार्क व्यवस्थापनको लागि बजेट माग गर्ने सम्बन्धमा ।
१०. भुक्तानी बाँकी योजना।कार्यक्रम सम्बन्धमा ।
११. विविधः-
   - 'घ' वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धमा ।
     - लड्केश्वर निर्माण सेवा पनौती - ११
   - Mining Scheme थपको प्रस्ताव सम्बन्धमा ।
   - लेन वर्कर राख्ने सम्बन्धमा ।
   - विजुली पोल सार्ने सम्बन्धमा ।
   - प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

## कार्यपालिका बैठकको निर्णयहरुः-

### निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गरियो । १९ औं नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई धन्यवाद प्रदान गर्ने ।

### निर्णय नं. २

पनौती नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा मिति २०८३ श्रावण २३ गते शनिवार पनौती नगरपालिका वडा नं ५ चौकोटमा अवस्थित स्काइ गार्डेन रिसोर्टमा गर्ने ।

CS CamScanner

पनौती नगर कार्यपालिकाको निर्णय किताब

आ.व. २०८३/०८४ | बैठक संख्या: ०१ | मिति २०८३/०४/१५

**निर्णय नं. ३**

सार्वजनिक जग्गा व्यवस्थापन सम्बन्धमा देहायबमोजिमको निर्णय गर्ने:-

I. सार्वजनिक जग्गा मिचेर निर्माण भएका घर।टहरा हटाई सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमणलाई निरुत्साहन गर्ने ।

II. वडा कार्यालयहरुले सार्वनिक जग्गाको लगत संकलन गर्ने । अतिक्रमित भएको पाइएमा संरक्षण गर्ने ।

III. भूमिहिन दलित र भूमिहिन सुकुम्वासीको लगत संकलनको लागि वडा कार्यालयवाट गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी यथाशीघ्र नगरपालिकामा फायल पेश गर्ने ।

IV. पनौती नगरपालिकाभित्र सुकुम्मवासीको हैसियतमा सार्वजनिक जग्गामा बसोवास गरिरहेका र सार्वजनिक जग्गाको अतिक्रमण हटाउने राष्ट्रिय अभियान अनुरुप पनौती नगरपालिकाबाट बसिरहेको स्थानबाट हटाईएका वास्तविक सूकुम्वासीको परिबारको बसोबासलाई सहज बनाउन मासिक रु ५ हजारको दरले ३ महिनाको लागि रु १५ हजार घरभाडा वापत उपलब्ध गराउने ।

**निर्णय नं. ४**

I. पनौती नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८३।०८४ मा लागू हुने गरी जिल्ला दररेटलाइ आधार मानी प्राविधिक शाखावाट दर विश्लेषण सहित निर्धारण भएको न्यूनतम स्थानीय दररेट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम स्वीकृत गर्ने ।

II. पुरानो फलाम लिलाम बढाबढमा बिक्री गर्नको लागि प्रति केजी फलामको न्यूनतम दर रेट रु ४४.२५ कायम गर्ने ।

**निर्णय नं. ५**

विपद् व्यवस्थापन सम्बन्धमा विपद् व्यवस्थापन समितिवाट सिफारिस भए अनुसार विपद व्यवस्थापन कोषबाट देहायवमोजिम खर्च हुने गरी निम्नानुसारको योजना कार्यान्वयन गर्ने:-

I. लगातारको अविरल बर्षा पश्चात आएको बाढीबाट रोशी खोला आसपासको सडक अवरुद्द भई आवागमनमा अवरोध उत्पन्न भएको हुँदा उक्त सडक यथाशीघ्र निर्माण गरी पूर्ववत अवस्थामा संचालन गर्न निर्माण कार्य अगाडि बढाउने ।

II. चालिसे छिनाभञ्ज्याङ नयाँ गाउँ खण्ड पहिरो नियन्त्रण (तारजाली व्यवस्थापन) वडा नं २ रु ५ लाख मात्र ।

III. ढलमले कोरिडोर कल्भर्ट निर्माण वडा नं ६ रु ५ लाख मात्र ।

IV. बल्थली नेपाने सडक कटान नियन्त्रण, पनौती -११ को योजना कार्यान्वयनको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु १४ लाख ९६ हजार ४ सय ९३ मात्र ।

V. चिन्दु धाराटोल बाटो मर्मत कार्य पनौती – १२ को योजना कार्यान्वयनको लागि रु ५ लाख मात्र ।

VI. वडा कार्यालय पारिपट्टी वस्तीसंरक्षण कार्य पनौती -१२ को योजना कार्यान्वयनको लागि रु ५ लाख मात्र ।

**निर्णय नं. ६**

पनौती नगरपालिका र अन्तर्गतको कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि २०८३ आषाढ मसान्तबाट समाप्त भएको हुँदा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक भएकाको हकमा २०८३ पौष मसान्तसम्म सेवा अवधि थप गरी कामकाजमा लगाउने र स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम दरबन्दी कायम भएका सेवा करारमा लिनुपर्ने पदहरुको लागि सूचना प्रकाशन गरी व्यवस्थापन गर्ने ।

**निर्णय नं. ७**

पनौती नगरपालिकाले भेट्रान सेक्यूरिटी ट्रेनिङ एण्ड सप्लाई प्रा.लि. सँग आन्तरीक सुरक्षा गार्ड र सृजनशील जनशक्ति विकास तथा आपूर्ति प्रा.लि. सँग out sourcing मार्फत सम्झौता गरी नगर प्रहरी सेवा लिइरहेकोमा मिति २०८३ आषाढ मसान्तबाट सम्झौताको अवधि समाप्त भएकोले पनौती नगरपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम नगर प्रहरीको स्वीकृत पदमा सेवा करारमा कर्मचारी नियुक्त नभएसम्मको लागि वा बढीमा ३ महिना (मिति २०८३ आश्विन मसान्तसम्म) सम्झौता अवधि थप गरी कामकाजमा लगाउने ।

**निर्णय नं. ८**

वडा कार्यालयबाट सिफारिस भएअनुसार तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउनेः-

I. पनौती नगरपालिका वडा नं १ निवासी श्री सानुबाबु तामाङको छोरा अनुप तामाङ (ना.प्र.प.नं. ३०-०१-८१-०५८८८) को ब्रेन ट्यूमर भई TU Teaching Hospital महाराजगंजमा उपचार भईरहेको र परिवारको आर्थिक अवस्था कमजोर भएको कारण

उपचारमा समस्या उत्पन्न भएकोले निजको नियमित उपचारमा सहयोग गर्न आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरी रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।

II. पनौती नगरपालिका वडा नं ११ निवासी श्री मच्छिन्द्र थापा (ना.प्र.प.नं. ३०३०५३।२११) लाई Traumatic Head Injury with Intraventricular Hemorrhage S/P EVD भई धुलिखेल हस्पिटलमा उपचार गराई रहेको र थप उपचारको लागि परिवारको आर्थिक अवस्था कमजोर भएको कारण उपचारमा समस्या उत्पन्न भएकोले निजको नियमित उपचारमा सहयोग गर्न आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरी रु ५० हजार सहायता उपलब्ध गराउने ।

III. पनौती नगरपालिका वडा नं १० निवासी श्री कान्छी परियारको छोरीको मृगौला सम्बन्धी रोगको उपचार भईरहेको र परिवारको आर्थिक अवस्था कमजोर भएको कारण उपचारमा सहयोग गर्न आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरी रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।

## निर्णय नं. ९

पनौती नगरपालिका वडा नं ७ मा अवस्थित बसपार्क व्यवस्थापनको लागि पूर्वाधार विकास मन्त्रालयसँग बजेट माग गर्ने ।

## निर्णय नं. १०

गत आर्थिक वर्ष २०८२।०८३ मा सम्झौता भई कार्य सम्पन्न भएका तर सुत्र(SuTRA) प्रणालीमा देखा परेको समस्या लगायतको कारण भुक्तानी हुन नसकी यस आर्थिक वर्षमा दायित्व सिर्जना भएका योजना।कार्यक्रमहरुलाई भुक्तानी बाँकी योजनाको रुपमा बजेटमा समावेश गरी भुक्तानी गर्ने ।

## निर्णय नं. ११

I. पनौती नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायीको लागि इजाजत प्रदान गर्नको लागि स्वीकृत कार्यविधि बमोजिम गठित जाँचवुझ एवं छानविन समितिबाट सिफारिस भएको तपसिल बमोजिमको निर्माण सेवालाई 'घ' वर्गको निर्माण व्यवसाय गर्न इजाजतपत्र प्रदान गर्ने:-

तपसिल

- लङ्केश्वर निर्माण सेवा पनौती-११

II. कोहिनुर रोडा ढुङ्गा उद्दोग प्रा लि ले पेश गरेको Mining Scheme थप को प्रस्ताव स्वीकृतिको लागि खानी तथा भूगर्भ विभागमा पठाउने ।

III. वर्षायाममा मानेदोभान मुरलीखोला रानीकोट सडकको मर्मत संभार नभएमा सडकको थप क्षति हुने देखिएकोले सडक नाली सरसफाइको लागि वडा कार्यालयको सिफारिसमा ३ महिनाको लागि अदक्ष कामदारले प्राप्त गर्ने पारिश्रमिक पाउने गरी मासिक डोर हाजिरमा २ जना लेन वर्कर राख्ने ।

IV. वडा नं ११ र वडा नं १० कार्यालयको सिफारिस बमोजिम विजुली पोल हटाउनको लागि विद्दुत प्राधिकरणले पेश गरेको लागत अनुमान बमोजिमको खर्च भुक्तानि गर्ने ।

V. पनौती नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ***विश्व सम्पदा सूचीका लागि प्रस्ताव लेखन कार्यक्रम*** शिर्षकमा विनियोजित भएको रु २० लाख बजेटबाट खर्च गर्ने गरी ***प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन दोस्रो चरण***को कार्य गराउनको लागि रु ५ लाख रकमको व्यवस्था गर्ने ।

बैठक संख्याः- ०१ निर्णय संख्याः- ११ बुँदामा २६ निर्णय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २ (ज) बमोजिम प्रमाणित गरिएको ।

नोर्खिराम ओली

प्रमुख प्रशासकीय अधिकृत